# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ६ गते २०२६ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बालाजु रिजरभ्वाएरमा थप पानी ल्याउनको निमित्त महादेव खोला खानेपानी आयोजनाको लागि बाग्मती अंचल काठमाडौं जिल्ला बालाजु पंचायत वार्ड नं. २ मा पर्ने निम्न लेखिएको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व हितबहादुर थापाको जग्गा, पश्चिम मूल सडक, उत्तर खोलाको डुयांङ, दक्षिण रामकृष्ण बस्नतले कमोत गरेको जग्गा यति चारकिल्लाभित्र काठमाडौं ठूलो घण्टा गुठी ४५ नं. खत ३-४-३ को सालको रु. ५७।७८ पैसा पोत लागेको जग्गा मध्ये वार्ड नं. २ क बाट सर्भे कि नं. ७७ हुन आएको रु. २६।२० (छब्बीस रुपैयां बीस पैसा) पोत लागेको जग्गा रोपनि १-७-३-३-१/३ (एक रोपनि सात आना तीन पैसा पौने चारदाम) को कित्ता

४६८

आज्ञाले-
कृष्णराज भण्डारी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।